नेपाल सरकार
# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

फोन नं. {

सिंहदरबार,
काठमाडौँ, नेपाल ।

पत्र संख्याः-
चलानी नं.:-

## प्रेस विज्ञप्ति

विगत केही दिनदेखि विभिन्न सञ्चार माध्यमहरुमा अष्ट्रेलियामा **नेपाली विद्यार्थीहरुको विचल्ली** भन्ने समाचारप्रति यस मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ । अष्ट्रेलियाको प्राविधिक शिक्षाको नियामक निकाय अष्ट्रेलियन स्किल क्वालिटी अर्थोरिटी (आस्क्वा) ले दर्ता खारेज गरिदिएपछि अष्ट्रेलियन इन्स्टिच्युट अफ विजनेस एण्ड टेक्नोलोजी (एआइवीटी) मा नर्सिङ्ग विषयमा अध्ययनरत एक हजार भन्दा बढी नेपालीहरुको अन्यौल भविश्यसँग सम्वन्धित समस्याको समाधानका निम्ति मन्त्रालयले अष्ट्रेलिया स्थित नेपाली राजदूतावासका कार्यवाहक राजदूत द्रुपदा सापकोटासँग तत्काल सम्पर्क गरी उक्त समस्याको समाधानको कुटनैतिक पहलका लागि अनुरोध गरेको छ । त्यसै गरी परराष्ट्र मन्त्रालयसँग पनि आवश्यक पहलकदमीका लागि मन्त्रालयले अनुरोध गरिसकेको छ । त्यसको अलावा अष्ट्रेलियन वैदेशिक विद्यार्थी एसोसियसनका अध्यक्षसँग तथा अष्ट्रेलिया सिड्नीका कन्सुलेट जनरलसँग पनि सम्पर्क समन्वय गरी उक्त समस्याको समाधानका लागि आवश्यक पहल लिइदिनका लागि मन्त्रालयले अनुरोध गरिसकेको छ ।

यसको साथै वैदेशिक अध्ययनका लागि परामर्श प्रदान गर्ने विभिन्न कन्सल्टेन्सीहरुले विद्यार्थी पठाउँदा पूर्ण जानकारी लिई वा नलिई, कुन प्रक्रियावाट विद्यार्थीहरु पठाएको हो तथा वैदेशिक अध्ययन अनुमति प्रक्रियाको सम्वन्धमा पनि आवश्यक अध्ययन छानविन गरी प्रतिवेदन पेश गर्न मन्त्रालयले उच्च शिक्षा महाशाखाका प्रमुख सहसचिव देवकुमारी गुरागाँईको संयोजकत्वमा एक हप्ताभित्रमा प्रतिवेदन पेश गर्ने गरी चार सदस्यीय छानविन समिति गठन गरिएको पनि सम्वन्धित सवैलाई जानकारी गराउन चाहन्छौं ।

विदेशस्थित नियोग/निकायसँग सम्वन्धित विषय भएकाले कुटनीतिक तवरवाट हल खोजी त्यहाँ अध्ययनरत नेपाली विद्यार्थीहरुको अध्ययनको निरन्तरता एवं शैक्षिक भविश्यको सुरक्षातर्फ यस मन्त्रालय सदैव संवेदनशील र प्रयासरत रहेको व्यहोरा पनि जानकारी गराउन चाहन्छौ ।

२०७५/११/१०
बैकुण्ठ प्रसाद अर्याल
सहसचिव एवं प्रवक्ता